मिति २०८१।१।१५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।१।१५ गते।

बैठक बसेको समयः दिउसो २.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |



Scanned with CamScanner

मिति २०८१।१।१५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| अन्य उपस्थितिः | | | |
| श्री | | | |

प्रस्तावहरू

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | उत्तरायणी घाट र खोरभञ्याङ मन्दिरको DPR गर्ने सम्बन्धमा। | पुर्वाधार शाखा |
| २. | वैदेशिक भ्रमण गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ३. | इ.प्र.का डकाहामा पर्खाल निर्माण सम्बन्धमा। | पुर्वाधार शाखा |
| ४. | घाइते विद्यार्थीको उपचार खर्च सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ५. | रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८१ सम्बन्धमा। | रोजगार सेवा केन्द्र |
| ६. | सेफ हाउस सञ्चालनको लागि सहयोग गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ७. | गाउँपालिका भित्रका मानसिक रोगीलाई निशुल्क रुपमा औषधि खरिद सम्बन्धमा। | स्वास्थ्य शाखा |
| ८. | यस आ.व. २०८०/८१ मा भएका सम्पूर्ण योजना तथा कार्यक्रममा हालसम्म भएका सम्पूर्ण खर्च अनुमोदन | |
| | विविध | सबै |

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको उत्तरायणी घाट र खोरभञ्याङ मन्दिर निर्माणको लागि DPR आवश्यक परेकोले परामर्श सेवा शुल्क शिर्षकवाट भुक्तानी गर्ने गरी उक्त DPR गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा Empowering Future Cities कोरियाको निमन्त्रणामा यस गाउँपालिकाको अध्यक्षज्यूको मिति २०८१।०२।०१ देखि हुने कोरिया र चिनको वैदेशिक भ्रमण स्वीकृत गरी उक्त भ्रमणको खर्च अधिक्तम रु ३०००००।-(अक्षरेपी तीन लाख रुपैया) को सिमाभित्र रही यस गाउँपालिकाको समपुरक कोष शिर्षकवाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।



Scanned with CamScanner

मिति २०८१।१।१५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा ई.प्र.का. डकाहाले पर्खाल निर्माणको लागि माग अनुरोध गरेकोले उक्त कार्य गर्न स्टमेट बमोजिमको कार्य सम्पन्न पश्चात समपुरक कोष शिर्षकबाट अधिक्तम रु १५००००।-(अक्षरेपी एक लाख मात्र) भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस गाउँपालिकाले आयोजना गरेको राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालनका क्रममा सहभागी खेलाडीहरु घाइते भएको र उक्त घाइते विद्यार्थीहरुको उपचार खर्च भुक्तानी गर्ने सम्बन्धमा सवै घाइतेसँग उपचारको बिल भर्पाई माग गरी आगामी बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालन हुने रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन <u>रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०८१</u> सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा सेफ हाउस सञ्चालन गर्दा भएको खर्च माग तथा निर्णय भए बमोजिम बिल भर्पाइका आधारमा भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा यस गाउँपालिकामा सञ्चालित मानसिक स्वस्थ्य शिविरबाट सिफारिस भएका तथा उपचारमा आउनु भएका सम्पुर्ण बिरामी तथा सेवाग्राहीहरुलाई स्वास्थ्य शिविरबाट भुक्तानी हुने गरी मानसिक रोगसँग सम्बन्धित औषधी खरिद गरी निशुल्क रुपमा वितरण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा यस आ.व. २०८०/०८१ मा भएका सम्पूर्ण योजना तथा कार्यक्रममा हालसम्म भएका सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

विविध:

क. नेपाल कम्युनिष्ट पार्टी एमाले जिल्ला कमिटिको मिति २०८०।१२।१४ गतेको पत्रानुसार उक्त पार्टीको जिल्ला अधिवेशसन सञ्चालन गर्न आर्थिक सहयोग माग भइ आएकोले उक्त कार्यक्रमको लागि सहयोग स्वरुप रु५००००।- (अक्षरेपी पचास हजार रुपैया) समपुरक कोष शिर्षकबाट खर्च हुने गरी भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

ख. यस गाउँपालिकाका उपाध्यक्ष श्री धन बहादुर पुलामीज्यूको उपचारको क्रमका दिइएको पेश्की रकम रु३००००। हालसम्म फछ्यौंट नभएकोले उक्त पेश्की फछ्यौंट गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

ग. यस गाउँपालिकाको वडा नं १ निवासी एक बहादुर पुर्वछाने मगर र वडा नं २ निवासी तीर्थ बहादुर माझीलाई छाना व्यवस्थापन गर्न स्टमेट तथा नाप बमोजिम वजेट शिर्षक नं २०८ बाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

घ. यस गाउँपालिकाको कार्यपालिका सदस्य श्री कमल बहादुर दर्नाल बिरामी भई उपचारमा रहेकोले उहाको शिघ्र स्वास्थ्य लाभको कामना सहित गाउँपालिकाको तर्फबाट उपचार खर्च रु ४००००।- (चालिस हजार मात्र) भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।